

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर १० गते सोमबार ❑ 25 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरा–मुग्लिन सडक निर्माण कछुवा गतिमा

**रासस**
पोखरा, ९ मंसिर

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्डमा हालसम्म जम्मा ३२ प्रतिशत भौतिक प्रगति भएको छ। पछिल्लोपटक थपिएको एक सय एक दिनको ठेक्का म्याद मङ्सिर २० गते समाप्त हुँदैछ।

आयोजनाका इञ्जिनियर सौजन्य नेपालका अनुसार चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले एक वर्ष म्याद थप गर्न माग गरेकाले प्रक्रिया प्रारम्भ भएको छ । कास्की र तनहुँमा पर्ने उक्त खण्डमा २०७८ साल भदौदेखि काम सुरु भएको हो।

तीनवर्षे ठेक्का अवधि गत भदौमा सकिएपछि दुई पटक म्याद थप हुन लागेको हो । पछिल्लो समय निर्माणको काम द्रुतगतिमा भइरहेकाले आगामी एक वर्षभित्र काम सम्पन्न हुने आधार देखिएको इन्जिनियर नेपालले बताउनुभयो । "तालचोकदेखि गगनगौँडासम्मको क्षेत्रमा मात्र काम सुरु भएको छैन, अन्यत्र सबै ठाउँमा कामले गति लिएको छ, निर्माण कम्पनीले जनशक्ति र उपकरण थपेर तीव्र गतिमा काम जारी राखेको छ", उहाँले भन्नुभयो । चार लेनको उक्त सडकमा हालसम्म एकतर्फी



२२ किमी सडक, पश्चिमतर्फ तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्र भइसकेको छभने पश्चिम खण्डअन्तर्गत तनहुँको जामुनेबाट पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधा चार लेनको बन्ने इञ्जिनियर नेपालले जानकारी दिनुभयो । वियजपुर खोला र सेती नदीमा पुल निर्माणको काम पनि सँगसँगै भइरहेको छ। सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार निर्माणको काम द्रुत गतगतिमा भइरहेको छ। निर्माण कम्पनीले एक वर्षभित्रमा निर्माण पूरा गर्ने प्रतिबद्धता जनाएको छ। कोभिड-१९ महामारीलगायत कारणले सुरुको चरणमा केही ढिलाइ भए पनि पछिल्लो समय कामले गति लिएको इन्जिनियर नेपालले बताउनुभयो। पश्चिमतर्फ बढी सहरी क्षेत्र रहेको र सडकको अधिकार क्षेत्रभित्रका संरचना, विद्युत् पोल, खानेपानीका पूर्वाधार समयमा व्यवस्थापन हुन नसक्दा पनि सडक विस्तारमा ढिलाइ हुन पुगेको छ । ३८ दशमलव ८८ किमी दूरीको पश्चिम खण्डमा पर्ने १२ मध्ये नौवटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको आयोजना कार्यालयले जनाएको छ । सडक मापदण्डभित्र पर्ने घरटहरा हटाउने र मुआब्जा दिने काम पनि सकिएको जनाइएको छ । पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडकमार्ग विस्तार तथा स्तरोन्नति समयमा पूरा नहुँदा जनगुनासो बढेको छ । निर्माणको चरणमा रहेको सडकबाट आवातजावत गर्दा पर्यटकलगायत सर्वसाधारणलाई सास्ती थपिएको छ । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो । कुल ८१ किमी लामो पोखरा-मुग्लिन विस्तारका निम्ति सडक एसियाली विकास बैंकले ऋण प्रदान गरेको हो । आयोजनाको पूर्वी सडक खण्ड (जामुने-मुग्लिन)मा भने हालसम्म भौतिक प्रगति ६८ प्रतिशत भएको पूर्वीखण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। उक्त खण्डमा १७ साना-ठूला पक्की पुलमध्ये १४ वटा बनिसकेका र तीनवटा निर्माणाधीन अवस्थामा रहेको उहाँले बताउनुभयो। मादीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको इञ्जिनियर पाण्डेले बताउनुभयो। आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकदेखि सत्र सय खण्डमा अहिले धमाधम कालोपत्र भइरहेको, पूर्वी खण्डअन्तर्गत २९ किमीमा चार लेन र पाँच किमीमा दुई लेन सडक कालोपत्र भइसकेको बताउनुभयो। एकचालीस दशमलव ४५ किमी लामो पूर्वी खण्डमा रु छ अर्ब २१ करोड ३१ लाखमा चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको हो । यो खण्डको दमौली र डुम्रे बजारमा छ लेन र अन्य स्थान चार लेनको सडक हुनेछ।

## रास्वपाका सभापति लामिछानेलाई पुनः १५ दिन म्याद थप

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई पुनः १५ दिनको म्याद थप गरिएको छ।

कास्की जिल्ला अदालतले पुनः १५ दिन थुनामा राख्न प्रहरीलाई अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले बताउनु भयो। सहकारी ठगी प्रकरणमा गत कार्तिक २ गते पक्राउ पर्नुभएको सभापति लामिछानेलाई जिल्ला अदालत कास्कीका न्यायाधीश हिमलाल वेलवासीको् इजलासले रवि माथि थप १५ दिन थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको हो। पहिलो पटक ६ दिन म्याद दिएको अदालतले दोस्रो पटक ७ दिन र तेस्रो पटक १० दिनको म्याद दिएको थियो भने



चौथो पटक १३ दिनको म्याथ थप गरेको थियो।

लामिछाने माथि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । लामिछाने विरुद्ध रुपन्देहीमा पनि पक्राउ पुर्जी जारी भएसंगै लामिछाने हवाई मार्ग हुदैं रुपन्देहीमा समेत लगेर अनुसन्धान गरिएको प्रहरीले जनाएको छ। पोखराको सूर्यदर्शन सहकारीको रकम काठमाडौंको गोर्खा मिडिया प्रालिमा प्रयोग गरेर अपचलन गरेको सभाति लामिछाने माथि आरोप छ । पोखराको सूर्यदर्शन सहकारीको रकम गोर्खा मिडियाबाट अपचलन गरेको भन्दै पूर्वप्रबन्ध निर्देशक रवि सहित पूर्वउपाध्यक्ष समेत रहनु भएको पूर्वडीआईजी छविलाल जोशीलाई समेत अदालतमा उपस्थित गराइएको थियो।

यसैबिच, रास्वपाले आइतबार पोखराको मानव अधिकार चोकमा धर्ना दिएको छ । आफ्ना सभापतिलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरेर म्याद थप गर्दै हिरासदमा राखेको बिरोधमा रास्वपाको आरोप छ। आइतबार पनि पोखराको सुरक्षा व्यबस्था कडा पारिएको थियो । जिल्ला अदालत देखि शहिदचोक लगायतको क्षेत्रमा हाल निषेधज्ञा जारी गरिएको छ।

## टिभिएस आईक्युब २.२ किलोवाट आवर भेरियन्ट पोखरामा बिक्री वितरण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

इलेक्ट्रीक स्कुटर टिभिएस आईक्युब २.२ किलोवाट आवर भेरियन्ट पोखरामा बिक्रि वितरण सुरु भएको छ। नेपालको लागि टिभिएस मोटरको आधिकारिक वितरक जगदम्बा मोटर्सले आफ्नो इलेक्ट्रिक स्कुटर टिभिएस आईक्युबको २.२ किलोवाट आवर भेरियन्ट पोखरामा आइतबार सार्वजनिक गरेसंगै उक्त स्कुटर बिक्रि वितरण गर्न सुरु भएको हो।



सिटी स्क्वायर व्याइवेट, न्युरोडमा आयोजित उक्त क्षेत्रीय उद्घाटन कार्यक्रममा यस क्षेत्रका ग्राहकहरूको लागि थप किफायती तथा उत्कृष्ट प्रविधि भएको इलेक्ट्रीक सवारी साधनको विकल्पको रुपमा आएको कम्पनीको दाबी छ। नयाँ भेरियन्टको लन्चसँगै टिभिएस मोटर कम्पनीले विश्वसनीय र सन्तोषजनक उत्पादनहरू प्रदान गर्ने हुँदा आफ्नो प्रतिबद्धता कायम राखेको कम्पनीले जनाएको छ । २.२ किलोवाट आवरको नयाँ भेरिएन्टको शुरुवाती मूल्य २ लाख ९९ हजार ९ सय छ भने इभी. स्कुटरलाई अझ पहुँचयोग्य बनाएको जगदम्बा मोटर्सकाकार्यकारीनिर्देशकअखिल गुप्ताले बताउनु भयो। कम्पनीका अनुसार टिभिएस आईक्युव तीन प्रमुख सिद्धान्तहरूबाट प्रेरित छः पावर अफ चोइस, पूर्ण एसुरेन्स र प्रयोगमा सहजता। पावर अफ चोइस अन्तर्गत ग्राहकहरूलाई विभिन्न रेन्ज, चार्जिङ र प्राइस अपसनहरु रहेका छन् । पूर्ण एसुरेन्स अन्तर्गत सवारी सुरक्षा र फुल ओनरशिप अनुभव रहेको छ भने प्रयोगमा सहजता अन्तर्गत सजिलै प्रयोग गर्न सकिने फिचरहरु रहेका छन्। उक्त लन्च कार्यक्रममा टिभिएस मोटर कम्पनीका ईभी इन्टरनेशनल बिजनेसका उपाध्यक्ष मधु प्रकाश सिंहले ग्राहकहरूले केवल एक वर्षमा १० लाख भन्दा बढी किलोमिटर यात्रा पूरा गर्न सक्ने बताउनु भयो । विश्वभरि ४ लाखभन्दा बढी ग्राहकहरूले टिभिएस आईक्युब ब्रान्डलाई रोजेको दाबी गर्दै उहाँले उत्कृष्ट ईभी अनुभवप्रतिको हाम्रो प्रतिबद्धतालाई प्रमाणित गर्नु भएको छ। आईक्युब २.२ किलोवाट आवर भेरिएन्टले २ घण्टामै सबैभन्दा फास्ट चार्जिङ सुविधा प्रदान गरेको छ। दुई पाङ्गे ईभी क्षेत्रमा आएको परिर्वतनमा अझ गति थप्दै जाने र आफ्नो विस्तृत वितरण नेटवर्क र उत्कृष्ट इन-स्टोर बिक्रीका साथ नयाँ भेरिएन्टलाई नेपालभर उपलब्ध गराउन प्रतिबद्ध रहेको जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले जनाउनु भयो।

टिभिएस आईक्युबसँगको गत एक वर्षामा राम्रो सफल हात पार्न सफल भएको उहाँको दाबी छ। नयाँ टिभिएस आईक्युब २.२ किलोवाट आवर भेरिएन्टको बुकिङ आजदेखि टिभिएस नेपालको वेबसाइटमा तथा काठमाडौँभरका ४० टिभिएसका आधिकारिक डिलरहरूमा उपलब्ध भएको कम्पनीले जनाएको छ।

टिभिएस आईक्युब २.२ किलोवाट आवर भेरिएन्टका मुख्य विशेषताहरु व्याट्री क्षमता २.२ किलोबाट-आवर, चार्जर ९५० वाट, ५ इन्चको रंगीन टिएफटी स्क्रीन, सबैभन्दा फास्ट चार्जिङ २ घण्टा (०-८०%), सवारी दुर्घटना तथा टो अलर्ट रहने जस्ता सुविधाहरु रहेका छन्।

## अपाङ्ग महिला सशक्तीकरण केन्द्रद्वारा गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

अपाङ्ग महिला सशक्तीकरण केन्द्र, कास्कीले अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी सरकारी सेवा प्रवाहमा उनीहरूको सहज पहुँच एवम् अपाङ्मैत्री पूर्वाधार लगायतका विषयमा गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ।

केन्द्रले आइतबार गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री प्रकाशबहादुर केसीलाई अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक विषय समेटिएको छबुँदे ज्ञापनपत्र हस्तान्तरण गरेको हो।

केन्द्रकी अध्यक्ष अन्जना केसीद्वारा हस्ताक्षरित ज्ञापनत्रमा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका- २०६९ अनुरुप निर्माण हुनुपर्ने र त्यसको कार्यान्वयनका लागि ८५ वटै पालिकालाई पत्राचार गरिनुपर्ने माग गरिएको छ।

अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालयलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउनुपर्ने, पहुँचयुक्त सार्वजनिक सवारीसाधन सञ्चालन गर्नुपर्ने, फुटपाथसहित सडक संरचनालाई अपाङ्गतामैत्री बनाउनुपर्ने, सरकारी संरचनाको पहुँचयुक्तता परीक्षण गरी सुझावअनुसार पहुँचयुक्त बनाउनुपर्ने र नयाँ बन्ने सबै पूर्वाधार अपाङ्गमैत्री हुनुपर्ने केन्द्रले माग गरेको छ।

ज्ञापनपत्र बुझेपछि मन्त्री केसीले कानुनमा भएका तर कार्यान्वयन नभएका विषयलाई कार्यान्वयन गर्न सक्दो प्रयास गर्ने बताउनुभयो । अपाङ्गमैत्री पूर्वाधार, अपाङ्गमैत्री कानुन बनाउने विषयमा प्रदेश सरकारलाई निरन्तर खबरदारी गर्न उहाँले आग्रह गर्नुभयो।

## नेपालले शान्ति स्थापनामा हासिल गरेको उपलब्धि अनुकरणीय छः सभामुख

**रासस**
काठमाडौं, ९ मंसिर

सभामुख देवराज घिमिरेले नेपालले शान्ति स्थापना र मेलमिलापको क्षेत्रमा हासिल गरेका उपलब्धि विश्वका लागि अनुकरणीय रहेको बताउनुभएको छ।

कम्बोडियाको राजधानी नोम पेनमा आयोजित सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद (आइपिटिपी) को ११औँ पूर्ण सत्रलाई आइतबार सम्बोधन गर्दै सभामुख घिमिरेले नेपाल भगवान् बुद्धको भूमि भएको बताउनुभयो । उहाँले नेपालका तर्फबाट शान्ति, सहिष्णुताको सन्देश, द्वन्द्व व्यवस्थापन र स्थायित्वका लागि अन्तर ाष्ट्रिय समुदायलाई महत्त्वपूर्ण पाठ दिनसक्ने धारणा व्यक्त गर्नुभयो । सभामुख घिमिरेले सन् २००६ मा सम्पन्न विस्तृत शान्ति सम्झौतालाई द्वन्द्वबाट शान्तितर्फको यात्रा ऐतिहासिक मोडका रूपमा रहेको बताउनुभयो। "शान्ति सम्झौताले नेपालको संविधानसभामार्फत सङ्घीयता, समावेशी संरचना र प्रगतिशील शासन प्रणालीको मार्गप्रशस्त गरेको छ", उहाँले भन्नुभयो। जलवायु परिवर्तन र साइबर खतराहरूलाई वर्तमान विश्वका प्रमुख चुनौतीका रूपमा चित्रित गर्दै सभामुख घिमिरेले साइबर सुरक्षाका लागि बहुपक्षीय दृष्टिकोण र अन्तर्राष्ट्रिय सहकार्यको खाँचो औँल्याउनुभयो। शान्ति भनेको केवल युद्धको अनुपस्थिति नभई न्याय, समानता र अवसरको उपस्थिति पनि हो भन्ने कुरामा सभामुखले जोड दिनुभयो । समाजका सबै तहलाई समेटेर शान्ति निर्माणका संरचना विकास गर्न नेपालले देखाएको उदाहरणलाई उहाँले विश्वसामु प्रस्तुत गर्नुभयो । सभामुखले सहिष्णुता, शान्ति र मेलमिलाप प्रवर्द्धनका लागि नेपाल सरकार, संसद् र नागरिक समाजको प्रतिबद्धता पुनःदोहर्‍याउँदै सबै राष्ट्रहरूलाई सहकार्य र समझदारीबाट अघि बढ्न आह्वान गर्नुभयो । "शान्ति उपहार होइन; यो एउटा लक्ष्य हो", उहाँले भन्नुभयो, "शान्तिको प्रवर्द्धनका लागि सामूहिक एकता र सृजनशील प्रयास आवश्यक छ।"

## लैङ्गिक हिंसाविरुद्धको अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यका लागि अभियान' भन्ने राष्ट्रिय नाराका साथ ३३औँ अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सोमबार अर्थात् नोभेम्बर २५ देखि सुरु हुँदैछ।

महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केयर नेपाल, मुक्ति नेपाललगायत संस्थाले आज यहाँ संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा सहभागीहरूले हिंसा प्रभावित महिलाले न्यायमा पहुँचको कमी भएको र उनीहरूको न्यायमा पहुँच बढाउनपर्ने जरूरी रहेको धारणा राखेका थिए।

## उपनिर्वाचनमा सेना परिचालन गर्न राष्ट्रपति पौडेलको स्वीकृति

**रासस**
काठमाडौं, ९ मंसिर

राष्ट्रपति रामचन्द्र पौडेलले यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि नेपाली सेनाको परिचालन गर्न नेपालको संविधानको धारा, ६६ को उपधारा (२) बमोजिम स्वीकृति प्रदान गर्नुभएको छ।

उपनिर्वाचन सुरक्षित, भयरहित, निष्पक्ष एवं शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को यही मङ्सिर ६ गतेको बैठकको निर्णयबमोजिम प्रधानमन्त्रीको सिफारिसमा सेना परिचालनको निर्णय गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिनुभयो।

# सुजल फुड्सले रिमझिम बल पुनः बजारमा ल्याउने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर




सुजल फुड्स प्रालिले नेपाली माझ लोकप्रिय क्यान्डी रिमझिम बललाई पुनः बजारमा ल्याउने तयारी गरेको छ।

सुजल फुड्सले फेरि एकपटक उपभोक्ताहरूमाझ पिरो-मिश्रित मिठो स्वादको पुरानो यादलाई ताजा बनाउन रिमझिम बल पुनः लन्च गर्ने तयारी गरेको हो । पछिल्लो समय विभिन्न मिडिया प्लेटफर्महरूमा यस ओरिजिनल ब्ल्याक बल क्यान्डीबारे निकै चर्चा र उपभोक्ताहरूको मागका कारण यसलाई पुनः बजारमा ल्याउने निर्णय गरिएको हो । सुजल फुड्सले रिमझिम बलको पुनः लन्चको सुरुवात पोखराबाट गर्ने भएको छ। 'यो पुनः लन्चले पुराना उपभोक्ताहरूलाई बाल्यकालका सम्झनाहरू दिलाउनेछ र फेरि एकपटक आफ्नो मन पर्ने क्यान्डी खान पाइने छ,' सुजलको विज्ञप्तिमा भनिएको छ, 'नयाँ पुस्तालाई तिक्खर स्वादहरूको खोजीमा पुरानो मिठासको अनौठो अनुभूति दिनेछ ।' सन् १९७६ मा सुरु गरिएको यो क्यान्डी छिट्टै नै ८० र ९० दशकका पुस्ताका लागि यादगार स्वादको प्रतीक बनेको थियो । ऊ बेला ब्ल्याकबल उपनामबाट परिचित यो क्यान्डीको अनौठो पिरो र मिठ्ठो स्वादले उपभोक्ताको मन जितेको थियो। सुजल फुड्सले रिमझिम बलको पुनः लन्च अभियानबारे थप जानकारी चाँडै सार्वजनिक गर्नेछ। जहाँ पुराना प्रशंसकहरूलाई पुराना यादरुको यात्रा गराउँदै नयाँ पुस्तालाई नयाँ र फरक स्वादको अनुभव दिने योजना बनाइएको छ।

# १०८ फिट अग्लो अर्धनारीश्वर मूर्ति स्थापना गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

पोखरा महानगरपालिका-२८ चुत्राकोटमा एक सय आठ फिट अग्लो अर्धनारीश्वर शिवको मूर्ति स्थापना हुने भएको छ । वडाध्यक्ष श्रीकृष्ण लामिछानेका अनुसार मूर्तिका लागि सङ्घ सरकारबाट रु एक करोड विनियोजन भएको छ।

मूर्ति स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको र मूर्तिसहितका अन्य संरचनाका निर्माणका लागि रु ३८ करोड लाग्ने अनुमान गरिएको उहाँले बताउनुभयो । उक्त स्थलमा उद्यानलगायत संरचना पनि निर्माण गरिने छ। मूर्ति निर्माण गर्न पशुपति क्षेत्र विकास कोष, भारतीय राजदूतावाससँग परामर्श जारी रहेको उहाँले जानकारी दिनुभयो । पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजना सुनाउँदै उहाँले त्यसका लागि रु ७४ करोड खर्च हुने बताउनुभयो।

# छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि ज्ञानज्योति बोर्डिङलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर




माछापुच्छ्रे गाउँपालिकाको आयोजनमा भएको माध्यमिक विद्यालय स्तरीय प्रतियोगिताको उपाधि माछापुच्छ्रे-४,लाहाचोकको ज्ञानज्योति बोर्डिङ स्कुले हात पारेको छ।

पालिकाका १२ वटा विद्यालय सम्मिलित प्रतियोगितामा ५ स्वर्ण २ रजत र १ कास्य प्राप्त गरि उपाधि चुमेको छ । रनिङ शिल्ड संगै विद्यालयले नगद १५ हजार र प्रमाणपत्र प्राप्त गरेको छ। यता ५ स्वर्ण १ रजत र ३ कास्या पाप्त गरि माछापुच्छ्रे मा.वि दोस्रो भएको छ । बराह मा.विले ४ स्वर्ण ७ रजत २ कास्याका साथ तेस्रो स्थान पाप्त गरेको छ । दास्रो र तेस्रो हुने विद्यालयले क्रमशः १० हजार , ७ हजार ५ सय रुपया,साथमा ट्रफी पुरस्कार पाप्त गरेका छन् ।उक्त प्रतियोगितामा अन्तर मा.वि भलिबल छात्रा/छात्र ,कबड्डी छात्रा/छात्र,एथलेटिक्स दौड ट्रयाक, रिले, हाइजम, लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो, सटफुट, मार्चपास लगाएतका खेलहरु सम्पन्न गरेको माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समिति सदस्य सचिव हुम ब. गुरुङले बताउनुभयो । स्वास्थयका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद भन्ने मुल नाराका साथ यही मंसिर ६ गते देखि ८ गते सम्म मेहेन्द्र माध्यमिक विद्यालयको खेलमैदान लाहाचोकमा भएको थियो । सरकारले विद्यालयको खेलकुद प्रतिभाको खोजि गर्दै सम्बर्धन र प्रवद्र्धन गर्ने लक्ष्य सहित देशको संधिय संरचना अनुसार स्थानीय,प्रदेश र सघस्तरीय राष्ट्रपति रनिङ शिल्ड आयोजना गर्दै आएको छ । राष्ट्रपति रनिङ एक राष्ट्रिय स्तरको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता हो । गाउँपालिका अध्यक्ष मिन ब. गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन शिक्षा यूवा तथा खेलकुद शाखा प्राविधिक साहायक विष्णु प्र. अधिकारीले गर्नु भएको थियो।

# आशिर्वादको महाप्रभुधाममा आगामी १५ गते भजनकृतन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर

आशिर्वाद क्लब अफ नेपालको आयोजनामा आगामी १५ गते पोखरा-१३, आर्वा महाप्रभुधाममा भजन कृतन प्रतियोगिता तथा महाआरती हुँदैछ।

सांस्कृतिक सम्पदाको जगेर्ना गर्दै धार्मिक र सांस्कृतिक चेतनाको अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको क्लवका अध्यक्ष अर्जुन बरालले वताए । आइतवार सम्म कार्यक्रममा सहभागी हुन १२ जनाको समुह सहभागी रहेको छ । प्रतियोगितामा सहभागि हुनका लागि दर्ता शुल्क २००० तोकिएको छ । सहभागि टोलीले आफ्नो वाद्यवाद्यनको व्यवस्था स्वंयम आफैंले गर्नुपर्ने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागिको प्रकृतिको दौरान, स्टेजको ताल अधिक भएको समूहलाई विशेष प्राथमिकता दिइनेछ। सहभागिको संख्या, प्रस्तुति, गायनका शब्द र लय, कथामा प्रवेश, शब्द चयन, वाद्यवाद्यनसँगको सम्बन्ध, भेषभुषा, झाँकी तथा श्रृंगार, नृत्य, अभिनय एंव अनुशासनलाई मूल्याङ्कनको मुख्य आधार रहेको अध्यक्ष बराललेे जानकारी दिए । प्रत्येक समूहलाई प्रस्तुतिका लागि १२ देखि १५ मिनेटको समय दिइनेछ । प्रतियोगितामा प्रथम हुने समुहलाई रु. चालीस हजार, द्धित्तिय हुने टोलीलाई रु. पच्चीस हजार र तृतीया हुने समुहलाई रु दश हजार पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष बराललेे बताए । यसका साथै वाद्यवाद्यन, नृत्य र भेषभूषाका लागि अतिरिक्त पुरस्कारको रुपमा प्रत्येक समूहलाई रुं पाँचहजार र सबै सहभागी समूहलाई (विजयी समूह बाहेक) सम्मान स्वरुप रु. चार हजार प्रदान गरिने अध्यक्ष वराललेे जानकारी दिए । क्लबले विगतदेखि नै थुप्रै कार्यक्रमहरु गदैं आएको छ। क्लबले विगतमा निःशूल्क आँखा शिविर, आर्शिवाद साहित्यिक साँझ, कविता वाचन प्रतियोगिता, रक्तदान कार्यक्रम, सरसफाई तथा डस्विन वितरण कार्यक्रम, खेलकुद तथा शैक्षिक सामग्री वितरण तथा भलिबल प्रतियोगिता लगायत सामाजिक कार्यहरु गर्दै आएको अध्यक्ष बराललेे भने।

# जम्न थाले मनाङका नदी र ताल

**पोखरापत्र संवाददाता**
मनाङ, ९ मंसिर

जाडो मौसम सुरु भएसँगै यहाँका नदी, खोला र ताल जम्न थालेका छन् । यहाँका नदी, खोला र तालतलैया जमेर चट्टान बनेका छन् । उचाइअनुसार नै यस क्षेत्रका नदी, ताल, खोलाको पानी चिसोले जम्ने गरेका छन्। तीन हजार मिटरमाथिका अधिकांश नदी, खोला, हिमताल जम्दै गएका हुन्।

मनाङका खोलासहित आधा दर्जन हिमताल जमेर चट्टानझैं भएको मनाङ डिस्याङ गाउँपालिका-६ का वडाध्यक्ष सोनाम गुरुङले बताउनुभयो । उहाँका अनुसार चार हजार ९१९ मिटरमा उचाईमा अवस्थित तिलिचो, भ्राकामा पर्ने चार हजार ६०० मिटरमा रहेको केंचो ताल (आइसलेक), धारापानीको नाचैमा पर्ने डोना ताल र थोंचेमा पर्ने पोङकर लगायतका हिमताल यतिबेला जमेका छन्।

चिसो बढेसँगै खानेपानीको मुहानसमेत जम्दै गएका छन् । चिसोले मनाङको तापक्रम दिउँसो पनि माइनसमा र साँझ-बिहान माइनस छदेखि माइनस १० डिग्री सेल्सियससम्म पुग्ने गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक सुवास खड्काले बताउनुभयो। उहाँका अनुसार तिमाङदेखि थान्चोक, चामे हुँदै माथिल्लो क्षेत्रमा पाइपको पानीसमेत जमेको छ। मनाङमा मङ्सिर-पुसदेखि फागुनसम्म हिमतालका पानी जमेर चट्टान भएका हुन्छन् । अत्याधिक चिसोले बगिरहेका नदी, खोला, हिमताल जम्न थालेका छन्। सशस्त्र प्रहरी बल नेपाल मनाङका अनुसार राति जमेको पानी दिउँसो भएपछि मात्रै बग्ने गर्छ । चिसो बढेसँगै धारामा पानीसमेत जम्ने गरेको छ । चिसो बढेसँगै केही मात्रामा मनाङ पुगेका आन्तरिक तथा बाह्य पर्यटक भने जमेको तालमाथि हिँडेर नौलो अनुभव लिने गरेका स्थानीय बताउँछन् । चिसोका बावजुत पनि मनाङका ताल हेर्न पर्यटक आउने क्रम जारी छ। हिमताल भएको स्थान भएकाले पनि मनाङ बाह्य तथा आन्तरिक पर्यटकको केन्द्र बनेको छ। चिसो समयमा जम्ने, हिउँ परेपछि अझ ती तालतलैया हिँउले ढाकिने र गर्मीयाममा पग्लिएपछि हिमाली छायाँ देखिने दृश्यले पर्यटक लोभिने गरेका छन् । पर्यटन व्यवसायी समितिका अध्यक्ष विनोद गुरुङका अनुसार मनाङका ताल जमेका बेला सफा नीलो, वर्षायाममा सेतो र हिउँदमा जम्ने विशेषता नै हुन् । पर्यटकहरु चिसोले नदी, खोला, तालतलैयाका जमेका चट्टानमा खेल्न रुचाउने गरेका पाइएको छ।

# साहित्यकार समीपलाई प्रेम-शान्ति आख्यान सम्मान तथा पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ९ मंसिर


साहित्यकार दीपक समीपलाई 'प्रेम-शान्ति आख्यान पुरस्कार २०८१' प्रदान गरिने भएको छ।

नेपाली साहित्यको उन्नयनमा विशेष योगदान पुऱ्याएको भन्दै लमजुङ-पोखरा सम्पर्क समितिले लमजुङे स्रष्टा समीपलाई सो पुरस्कार अर्पण गर्न लागेको हो।

लमजुङमा जन्मिएर पोखरालाई कर्मथलो बनाउँदै आएका साहित्यकार दीपक समीप चालिसको दशकको अन्त्यदेखि नेपाली साहित्यमा लागिपरेका हुन् । हालसम्म उनको भूगोलभित्र नकोरिएको देश (गजल सङ्ग्रह), अक्षर अक्षरमा देश (मुक्तक सङ्ग्रह) र नदीको राजमार्ग (लघुकथा सङ्ग्रह) प्रकाशित छन् । उनले विभिन्न साहित्यिक पत्रिकाहरूको पनि सम्पादनसमेत गरिसकेका छन् । मूलतः गजलकारका रूपमा परिचित उनी कविता, गीत, गजल, मुक्तक सँगसँगै कथा र लघुकथा लेखनमा पनि सक्रिय छन्।

साहित्यकार दीपक समीपले यसअघि राष्ट्रव्यापी उत्कृष्ट लघुकथाकार (२०५४), राष्ट्रव्यापी उत्कृष्ट लघुकथाकार (२०५५), खुला मुक्तक प्रतियोगितामा प्रथम (२०५५), गजल साधना सम्मान (२०६३), समता काव्य सम्मान (२०६६), शिल्पी साहित्य सम्मान (२०६६), स्रष्टा साहित्य चौतारी पुरस्कार (२०६८), गजल प्रतिभा पुरस्कार (२०६९), अक्षरयात्रा सम्मान (२०७०), गजल सन्ध्या सम्मान (२०७०), मुक्तक मञ्च पोखरा सम्मान (२०७३), गजल मञ्च मकवानपुर सम्मान (२०७४), लेखक कृति पुरस्कार (२०७९), बहादुरानन्द स्मृति मुक्तक सम्मान (२०८०), अभिलेख सम्मान (२०८१) प्राप्त गरिसकेका छन् । साहित्यकार कल्याण पन्तको संयोजकत्वमा साहित्यकार लक्ष्मण थापा र संस्थाका अध्यक्ष कृष्ण गिरी सदस्य रहेको छनोट समितिले समीपलाई पुरस्कारका लागि चयन गरेको हो । लमजुङ-पोखरा सम्पर्क समितिकी संरक्षक प्रेमकुमारी गुरुङद्वारा स्थापित सो पुरस्कारको राशि दश हजार रुपियाँ र सम्मानपत्र रहेको छ। हरेक दुई दुई वर्षमा प्रदान गरिने उक्त पुरस्कार यसअघि कथाकार मन्दिरा मधुश्रीलाई अर्पण गरिएको थियो । आगामी मङ्सिर १५ गते शनिवार एक समारोहको आयोजना गरी साहित्यकार समीपलाई पुरस्कार प्रदान गरिने लमजुङ-पोखरा सम्पर्क समितिका अध्यक्ष कृष्ण गिरीले जानकारी दिए।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश पर्वत जिल्ला बिहादी गाउँपालिका वडा नं. १ बाच्छा निवासी भारतीय भू.पू. सैनिक नं. JC१५७३३४H सु. हनेरी क्याप्टेन गोपाल प्रसाद गुरुङको श्रीमती तिल कुमारी श्रेष्ठले यस कार्यालयमा दिएको निवेदन अनुसार निजको ना.प्र.प.नं ध.प.२९०५ मा नाम थर तिल कुमारी श्रेष्ठ र जन्म मिति २०१०/११/१३ भएको तर निजको श्रीमानको भारतीय पेन्सन कागजातमा नाम थर तिल कुमारी गुरुङ र जन्म मिति इ.स. १९५५/०३/०१ भएकोले नाम थर र जन्म मिति फरक फरक भएपनि व्यक्ति एक भएको व्यहोरा सम्बन्धित गा.वि.स. पत्र संख्या २०८१/०८२ चलानी नं. २६० को मिति २०८१/०८/०९ मा सिफारिस गरिएको व्यहोरा जानकारी गराईन्छ।



## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## थुमाकोडाँडा, कास्की
## गण्डकी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

**प्रकाशित मितिः २०८१/०८/१०**

यस कार्यालयको मिति २०८१/०६/२३ गतेको 'राष्ट्रिय दैनिक' पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार विभिन्न कार्यको लागि E–Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. Including (V.A.T. and P.S.) |
|---|---|---|---|
| MRM/NCB/ W04/081–082 | Construction and Renovation of Khilang Foottrack at Madi-1,Kaski | Aandhikhola Engineering Consultancy & Construction Pvt.Ltd., Pokhara-17, Kaski | NRs.57,51,303.06 |
| MRM/NCB/ W05/081–082 | Construction and Upgrading Of Kahukhola-sikles-Manang Shanti Padmarga at Madi RM,Kaski | Suntantra Construction Pvt. Ltd. Pokhara-9,Kaski | NRs.31,92,546.98 |
| MRM/NCB/ W06/081–082 | Construction Of Himalayan Shahakari Building at Madi Ward no.12 (Tala Thap) | sabira construction pokhara-17, Kaski | NRs.14,68,151.8 |
| MRM/NCB/ W07/081–082 | Construction Of Two Welcome Gate at Madi R.M-5 Bijaypur | k and k construction and housing company, pokhara-17, Kaski | NRs.38,99,604.66 |

प्रमुख प्रशासकीय अधिकृत


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 17th HISSAN Kaski Sports Meet-2081

## VOLLEY BALL (BOYS) COURT 'A'

**POLE-A**

- Mass
- 08/11 (8:00 AM) Court A
- Pokhara United
- 08/12 (1:15 PM) Court A
- Sagarmatha
- 08/12 (8:00 AM) Court A
- Pokhara Adarsha
- 08/13 (11:00 AM) Court A
- Social Public
- 08/11 (1:45 PM) Court A
- Gyan Sagar
- 08/13 (8:00 AM) Court A
- Motherland
- 08/11 (9:30 AM) Court A
- Prativa
- 08/14 (8:00 AM) Court A
- Srijana
- 08/11 (8:45 AM) Court A
- West Point
- 08/12 (2:45 PM) Court A
- Havard
- 08/12 (9:30 AM) Court A
- Pashchimanchal
- 08/13 (12:30 PM) Court A
- Shishu Niketan
- 08/12 (11:00 AM) Court A
- Global Collegiate
- 08/13 (9:30 AM) Court A
- Diamond
- 08/11 (10:45 AM) Court A
- KMA

**Final**
08/14 (12:15 PM) Court A

**3rd Place**
08/14 (11:00 AM) Court A

**POLE-B**

- PKG
- 08/11 (8:00 AM) Court B
- New Galaxy
- 08/12 (2:00 PM) Court A
- Spiral Galaxy
- 08/11 (2:30 PM) Court A
- Dynamic
- 08/13 (11:45 AM) Court A
- Universe
- 08/12 (8:45 AM) Court A
- Little Flower
- 08/13 (8:45 AM) Court A
- Vidhya Niketan
- 08/11 (9:30 AM) Court B
- JCA
- 08/14 (8:45 AM) Court A
- Triveny
- 08/11 (8:45 AM) Court B
- Gurukul
- 08/12 (3:30 PM) Court A
- Little Step
- 08/12 (10:15 AM) Court A
- Shining Star
- 08/13 (1:15 PM) Court A
- New Model
- 08/12 (11:45 AM) Court A
- Snow View
- 08/13 (10:15 AM) Court A
- Hill Point
- 08/11 (1:00 PM) Court A
- Tops
- 08/12 (12:30 PM) Court A
- KEF

Venue : Pokhara Stadium, Volleyball Ground

## VOLLEY BALL (GIRLS) COURT 'B'

**POLE-A**

- Pashchimanchal
- 08/12 (11:00 AM) Court B
- Prativa
- 08/11 (10:30 AM) Court B
- Pokhara United
- 08/13 (8:00 AM) Court B
- Srijana
- 08/12 (12:30 PM) Court B
- New Galaxy
- 08/12 (8:00AM) Court B
- New Model
- 08/13 (11:00 AM) Court B
- Triveny
- 08/11 (1:45 PM) Court B
- Moderland
- 08/13 (9:30 AM) Court B
- KEF
- 08/12 (9:30 AM) Court B
- Gyan Sagar
- 08/12 (2:00 PM) Court B
- JCA

**Final**
08/14 (10:15 AM) Court B

**3rd Place**
08/14 (9:30 AM) Court B

**POLE-B**

- KMA
- 08/12 (11:45 AM) Court B
- Little Step
- 08/11 (1:00 PM) Court B
- Diamond
- 08/13 (8:45 AM) Court B
- Sgarmatha
- 08/12 (8:45 AM) Court B
- Hill Point
- 08/13 (12:15 PM) Court B
- Balodaya
- 08/11 (2:30 PM) Court B
- Tops
- 08/13 (10:15 AM) Court B
- BMG
- 08/12 (10:15 AM) Court B
- Pokhara
- 08/12 (1:15 PM) Court B
- Gurukul

Venue : Pokhara Stadium, Volleyball Ground

## BOYS' BASKETBALL (UNIVERSITY WING)

**POLE-A**

- Po Lincon
- Bye
- GAINS
- Lakecity

**Final**

**3rd Place**

**POLE-B**

- PEC
- Informatics
- Bye
- PCM

Venue :Pun Samaj Basketball Court, Ramghat

## GIRLS' BASKETBALL (UNIVERSITY WING)

**POLE-A**

- Po Lincon
- Bye
- GAINS
- PEC

**Final**

**3rd Place**

**POLE-B**

- Informatics
- Lakecity
- Bye
- PCM

Venue :Pun Samaj Basketball Court, Ramghat

नोटः विश्वविद्यालय तर्फको बास्केटबल खेल १२ गतेदेखि सुरु हुने र समयसम्बन्धित मेनेजरलाई जानकारी गराइने छ ।

# From 11th-14th Mangsir 2081 (Tie-Sheet)

## BASKETBALL (BOYS)

### POLE-A

Prativa
08/11 (1:00 PM)
Hill Point
08/10 (8:00 AM) Ramghat (Pun Samaj)
JCA
08/12 (10:30 AM)
Pokhara Adarsha
08/10 (8:00 AM)
Rainbow
08/13 (10:30 AM)
Bal Kalyan
08/10 (9:00 AM)
Srijana
08/12 (12:30 PM)
Global Collegiate
08/10 (10:00 AM)
Sagarmatha
08/14 (8:00 AM)
Shining Star
08/10 (9:00 AM) Ramghat (Pun Samaj)
Triveny
08/11 (9:30 AM)
Little Step
08/12 (1:30 PM)
Balodaya
08/10 (11:00 AM)
Social Public
08/13 (1:30 PM)
Bethany
08/10 (1:00 PM)
Pokhara United
08/12 (2:30 PM)
Manakamana
08/10 (10:00 AM) Ramghat (Pun Samaj)
Well Known
08/11 (2:30 PM)
Fewa

**Final**
08/14 (1:30 PM)

**3rd Place**
08/14 (12:15 PM)

### POLE-B

KMA
08/11 (3:30 PM)
Motherland
08/10 (11:00 AM) Ramghat (Pun Samaj)
Step by Step
08/12 (3:30 PM)
Pachimanchal
08/10 (2:00 PM)
Gurukul
08/13 (2:30 PM)
KEF
08/10 (3:00 PM)
Diamond
08/13 (7:30 AM)
Tops
08/12 (7:30 AM)
MASS
08/10 (1:00 PM) Ramghat (Pun Samaj)
Jyotikunj
08/14 (9:00 AM)
NAAV
08/12 (8:30 AM)
Little Flower
08/10 (2:00 PM) Ramghat (Pun Samaj)
Marigold
08/13 (8:30 AM)
New Light
08/11 (7:30 AM)
Dyanamic Academy
08/13 (3:30 PM)
Bhasker Momorial
08/11 (8:30 AM)
Shishu Niketan
08/13 (9:30 AM)
Oxford
08/10 (3:00 PM) Ramghat (Pun Samaj)
Shanti Nikunj
08/12 (9:30 AM)
New Galaxy

Venue : Pokhara Stadium, Basketball Court

## BASKETBALL (GIRLS)

### POLE-A

Prativa
Bye
8/11 (2-3PM)
Fishtail
08/11 (8-9AM)
Sagarmatha
08/12 (8-9PM)
KMA
08/11 (9-10 AM)
Gurukul
08/11 (3-4 PM)
Bye
MASS

**Final**
08/12 (1-2 PM)

**3rd Place**
08/12 (12-1 PM)

### POLE-B

Glbal Collegiate
Bye
08/11 (4-5 PM)
Triveny
08/11 (10-11 AM)
JCA
08/12 (9-10 AM)
Bye
Motherland
08/11 (1-2 PM)
Bye
New Galaxy

Venue : Pun Samaj Basketball Court, Ramghat

**नोट:**

१) सम्पूर्ण विद्यालयका बसहरू गेट नं. २ बाट प्रवेश गरेर तोकिएको ठाउँमा पार्किङ गर्नुहुन अनुरोध गरिन्छ ।
२) सम्पूर्ण विद्यालयका टिमहरू खेल तालिकामा उल्लेख गरिएको भन्दा १ घण्टा अगाडि अनिवार्य उपस्थित भइ रिपोटिङ गर्नुपर्नेछ ।
३) टेबुल टेनिस र ब्याटमिन्टनको समय तालिका मेल मार्फत जानकारी गराइने छ ।

**HISSAN Kaski**